नेपाल सरकार

# गृह मन्त्रालय

(विभूषण तथा बैठक समारोह प्रबन्ध शाखा)

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ८८

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति :२०७७।१२।२२ गते ।

**विषय : विभूषण सुशोभन समारोहमा उपस्थिति सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७७ साल असोज ३ गते संविधान दिवस (राष्ट्रिय दिवस) को दिन घोषित विभूषणहरुमध्ये मानपदवी (सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणी, प्रसिद्ध प्रबल जनसेवाश्री द्वितीय श्रेणी, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणी, सुप्रबल जनसेवाश्री तृतीय श्रेणी, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणी, प्रबल जनसेवाश्री चतुर्थ श्रेणी र जनसेवाश्री पञ्चम श्रेणी) प्राप्त गर्ने महानुभावहरुलाई **२०७८ साल वैशाख १ गते बुधबार बिहान १०:०० बजे** राष्ट्रपतिको कार्यालय, शीतल निवास, महाराजगञ्जमा विभूषित गरिने भएको हुँदा त्यस जिल्लाका मानपदवी प्राप्त गर्ने महानुभावहरुलाई **२०७७ साल चैत्र २४ देखि ३० गते सम्म गृह मन्त्रालय, विभूषण शाखामा आ-आफ्नो परिचय सहित सम्पर्क गरी सुशोभन समारोहको प्रवेशपत्र लिन** र विभूषण सुशोभन समारोहमा ३ नं. पोशाक सहित उपस्थितिका लागि जानकारी गराईदिने व्यवस्था मिलाई दिनुहुन आदेशानुसार अनुरोध छ।

साथै अलंकारहरु (राष्ट्र यशोवर्द्धक, नेपालसेवा प्रवीण, समाजसेवा रत्न, परमपौरख भास्कर, नेपाल प्रताप सुभूषण, अरिपौरख भास्कर, नेपाल प्रताप आभूषण, महापौरख भास्कर र नेपाल प्रताप भूषण) र पदकहरु (राष्ट्रसेवा पदक प्रथम श्रेणी, सुकीर्ति पदक र प्राकृतिक प्रकोप पीडितोद्धार पदक) प्राप्त गर्नुहुने महानुभावहरुलाई मिति २०७८/०१/०१ गते पछि सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुलाई सम्बन्धित विभागीय प्रमुखबाट र अन्य महानुभावहरुलाई यस मन्त्रालयबाट वितरण गरिने हुँदा सोही बमोजिम सम्बन्धित महानुभावहरुलाई जानकारी गराईदिनु हुन समेत अनुरोध छ।

विश्वराज न्यौपाने
(उपसचिव)

नेपाल सरकार
गृह मन्त्रालय

## विभूषण सुशोभन समारोहमा उपस्थितिका लागि अत्यन्त जरुरी सूचना

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७७ साल असोज ३ गते संविधान दिवस (राष्ट्रिय दिवस) का दिन घोषित विभूषणहरुमध्ये मानपदवी (सुप्रसिद्ध प्रबल जनसेवाश्री, प्रसिद्ध प्रबल जनसेवाश्री, सुकीर्तिमय राष्ट्रदीप, सुप्रबल जनसेवाश्री, कीर्तिमय राष्ट्रदीप, प्रबल जनसेवाश्री र जनसेवाश्री) प्राप्त गर्ने महानुभावहरुलाई **२०७८ साल वैशाख १ गते बुधबार** विहान १०:०० बजेदेखि विभूषित गरिने हुँदा सो दिन राष्ट्रपतिको कार्यालयमा उपस्थित हुनका लागि २०७७ साल चैत्र २४ देखि ३० गतेसम्म गृह मन्त्रालय, विभूषण शाखामा आ-आफ्नो परिचयसहित सम्पर्क गरी **सुशोभन समारोहको प्रवेशपत्र** लिनुहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुले यसै सूचनालाई आधार मानी आ-आफ्नो जिल्लाका मानपदवी प्राप्त गर्ने महानुभावहरुलाई विभूषण सुशोभन समारोहमा देहायमा उल्लिखित ३ नं. पोशाकसहित उपस्थितिका लागि खबर गरिदिनुहुन सूचित गरिन्छ।

| पोशाक नं. | निजामतीतर्फ | नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालतर्फ | कैफियत |
|---|---|---|---|
| ३ | ग्रे कोट/कालो कोटसहितको औपचारिक पोशाकमा पट्टासहित मानपदवी २ र अलङ्कार पदकहरु | ट्यूनिक, एक्युलेट, ग्याठ बूट, मानपदवी-२, अलङ्कार र पदक (परेडमा भाग लिनेले मात्र खड्गसहित) । | |

द्रष्टव्यः- क) नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बलका पदाधिकारीहरु बाहेक अन्य पदाधिकारीहरुको विभूषण र पोशाक निजामती पदाधिकारी सरह हुनेछ ।

ख) "नेपाली पोशाक" भन्नाले नेपाली नागरिकले साविकमा लगाउँदै आइरहेको महिलाको निमित्त जुनसुकै शैलीको चोलो, सारी र जुत्तासहितको पोशाक र पुरुषका निमित्त लवेदा, सुरुवाल, कोट र टोपीसहितको पोशाक सम्झनु पर्दछ ।

ग) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा साविकबमोजिम नै चोलो, सारी/लवेदा, सुरुवाल ( सेतो रङ्गको) र टोपी (भादगाउँले) कालो रंगको हुनेछ ।

घ) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा जुत्ता कालो (छालाको) हुनेछ ।

तर, सुशोभन समारोहमा हिमाल, पहाड, तराई/मधेसमा लगाइने आ-आफ्नो परम्परा र संस्कृतिअनुसारको जातजाति, भाषा, धर्म र संस्कृति झल्काउने नेपाली पोशाक लगाउन सकिनेछ।

घोषित नामावलीसहितको सूची गृह मन्त्रालयको वेभ साईट www.moha.gov.np मा समेत हेर्न सकिनेछ। राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा आयोजना गरिने **सुशोभन समारोहमा प्रवेशपत्रका आधारमा मात्र प्रवेश गराईने तथा सम्पूर्ण महानुभावहरुले कोभिड-१९ को स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्नु पर्ने** व्यहोरा समेत जानकारी गराइन्छ। अन्य जानकारीका लागि गृह मन्त्रालयका देहायका सम्पर्क नम्बरहरु वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नं.** ०१-४२११२७१/४२११२६०/९८५१२४०११०/९८४९०५८५२०